# पनौती नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ०९ मिति : २०८२/०९/१४

भाग-२


# पनौती नगरपालिकाको

## विशेष सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५

## विशेष सामाजिक सुरक्षा कार्यक्रम संचालन (पहिलो संशोधन) कार्यविधि, २०८२ समेत

### ४५ बर्ष उमेर पुरा भई ६० बर्ष सम्मका अविवाहित तथा सम्बन्ध बिच्छेद भएका महिला र १५ बर्ष देखि श्रीमान बेपत्ता भएका महिलाहरुको लागि विशेष सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२

### परिच्छेद १
### प्रारम्भिक

**प्रस्तावना :** नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट जारी सामाजिक सुरक्षा भत्ता सञ्चालन कार्यविधि २०८२ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु बाहेकका पनौती नगर क्षेत्रभित्रका नागरिकहरुलाई सामाजिक

सुरक्षा भत्ता उपलब्ध गराउन आवश्यक देखि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम यो कार्यविधि मिति २०७५/०७/१२ मा स्विकृत गरि लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** १) यो कार्यविधिको नामे **विशेष सामाजिक सुरक्षा कार्यक्रम संचालन (पहिलो संशोधन) कार्यविधि,२०७५** रहेको छ ।

**२. उद्धेश्य :** यस कार्यविधिका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :

(क) लक्षित समुहको परिभाषित गर्ने ।

(ख) सामाजिक सुरक्षा भत्ता व्यवस्थापनमा सम्बन्धित वडा कार्यालयलाई जिम्मेवार बनाउने ।

(ग) ४५ बर्ष पुरा भई ६० बर्ष सम्मका अविवाहित तथा सम्बन्ध बिच्छेद भएका महिला र श्रीमान बेपत्ता भएका महिलाहरुको भत्ता वितरण कार्यको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

(घ) भत्ता वितरण अभिलेख व्यवस्थापनमा सूचना प्रविधीको प्रयोगलाई प्राथमिकता दिने ।

(ङ) सामाजिक सुरक्षा भत्ता वितरणमा पारिदर्शिता कायम राख्ने ।

**३.** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ६० बर्ष मुनिका एकल महिला भन्नाले पनौती नगरपालिका क्षेत्रभित्रका ४५ बर्ष उमेर पूरा भएका अविवाहित महिला तथा सम्बन्ध बिच्छेद भएका महिलाहरुलाई जनाउँछ ।

(ख) श्रीमान बेपत्ता भएका महिला भन्नाले १५ बर्ष देखि पति घर परिवार तथा कसैको पनि सम्पर्कका नरेहेको, जिबित वा मृत के हो भन्ने कुरा ठेगान नभएको लाई जनाउँछ ।

(ग) नगरपालिका भन्नाले पनौती नगरपालिकालाई जनाउँछ ।

(घ) मन्त्रालय भन्नाले गृह मन्त्रालय लाई जनाउँछ ।

(ङ) विभाग भन्नाले नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागलाई जनाउँछ ।

**४. भत्ता पाउने उमेरको गणना:** यस कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको उमेर गणना देहाय बमोजिम हुनेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको उमेरलाई आधार लिईनेछ तथा उमेरको गणना सम्बन्धी व्यवस्था नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट जारि गरिएको सामाजिक सुरक्षा सञ्चालन कार्यविधिको आधारमा गरिनेछ ।

(ख) तर पति वेपत्ता भएका महिलाको हकमा उमेरको हदबन्दी लागु हुने छैन ।

**५. भत्ता पाउने सुरु मिति गणना :** यस कार्यविधि अनुसार भत्ता पाउने सुरु मिति गणना देहाय बमोजिम हुनेछ :

(क) ६० बर्ष मुनिका अविवाहित एकल महिलाको उमेर पुगी निबेदन प्राप्त भएको दोश्रो महिना देखि ।

(ख) ६० बर्ष मुनिका सम्बन्ध बिच्छेद भएका एकल महिलाको निबेदन प्राप्त भएको दोश्रो महिना देखि ।

(ग) पति बेपत्ता भएका महिलाको हकमा निबेदन प्राप्त भएको दोश्रो महिना देखि ।

## परिच्छेद २
## नाम दर्ता र नविकरण

**६. नाम दर्ता :**

(१) यस कार्यविधि बमोजिमको सुबिधा प्राप्त गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा आफु स्थायी रुपमा बसोवास गरेको वडा कार्यालयमा दरखास्त दिनुपर्नेछ ।

(२) ६० बर्ष मुनिका एकल महिलाको भत्ता प्राप्त गर्न योग्यता पुगेको अवस्थामा जुनसुकै समयमा पनि दरखास्त दिन सकिने छ ।

(३) दरखास्त दिंदा निम्नानुसारका कागजातहरु अनिवार्य रुपमा संलग्न गनुपर्नेछ :

(क) ४५ बर्ष उमेर पूरा भएका अविवाहित महिलाको हकमा नेपाली नागरिकताको प्रतिलिपी २ प्रति र हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति

(ख) सम्बन्ध बिच्छेद भएका महिलाको हकमा नेपाली नागरिकताको प्रतिलिपी २ प्रति, हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति र सम्बन्ध बिच्छेदको दर्ता प्रमाण पत्रको प्रतिलिपी २ प्रति ।

(ग) पति बेपता भएका महिलाको हकमा प्रहरी कार्यालयबाट गरिएको सर्जमिन मुचुल्का सहितको सिफारिस, नागरिकताको प्रतिलिपी २ प्रति र पासपोर्ट साइजको फोटो २ प्रति ।

(घ) नाम दर्ताको लागी वडा कार्यालयले अनुसूची १ बमोजिमको फाराम निशुल्क उपलब्ध गराउनेछ।

**७. नाम नविकरण :**

भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी बर्षमा पनि भत्ता लिन चाहेमा आफ्नो वडा कार्यालयमा चालु आ.व.को भाद्र मसान्तभित्र निबेदन दिनुपर्ने छ। नाम नविकरणको लागी वडा कार्यालयले अनुसूची २ बमोजिमको फाराम निशुल्क उपलब्ध गराउनेछ ।

**८. दर्ता तथा नविकरण सिफारिस:**

लाभग्रहीहरुको नाम दर्ता तथा नविकरण सिफारिस गर्ने काम वडा समितिले गर्नेछ ।

## परिच्छेद ३

## लाभग्राहीहरुको अभिलेख

**९. लाभग्राहीहरु सम्बन्धी व्यवस्था** (१) सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरु :

(क) ६० बर्ष मुनिका एकल महिला भन्नाले पनौती नगरपालिका क्षेत्र भित्रका ४५ बर्ष उमेर पूरा भएका अविवाहित महिलाहरु ।

(ख) ४५ बर्ष उमेर पूरा भएका पतिसंग सम्बन्ध बिच्छेद भएका महिलाहरु ।

(ग) १५ बर्षदेखी पति बेपत्ता भएका महिलाहरु ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त संघसंस्थाबाट तलब भत्ता, पेन्सन वा अन्य कुनै यस्तै प्रकारका मासिक सेवा सुबिधा पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता पाउने छैनन् ।

(३) उपदफा २ बमोजिमको ब्यहोराका सम्बन्धमा निबेदक स्वयंले स्वघोषण गर्नुपर्नेछ ।

(४) उपदफा २ को व्यवस्था बिपरित कसैले दोहोरो हुने गरि भत्ता पाएको जानकारी हुन आएमा सामाजिक सुरक्षा भत्ता रोक्का गरि मासिक सुबिधा प्राप्त गरिरहेको कार्यालयमा तहाँबाट उपलब्ध सुबिधा समेत रोक्का राख्न पत्राचार गर्न सक्नेछ ।

**१०. लाभग्रहीहरुको अभिलेख :**

(क) वडा कार्यालयले सामाजिक सुरक्षा भत्ता पाउने लाभगग्रहीहरुको फोटो सहितको अभिलेख खडा गरि राख्नुपर्नेछ ।

(ख) वडा कार्यालयले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको बिवरण Excel Sheet मा प्रविष्ट गरि राख्नुपर्नेछ ।

**११. परिचय पत्र प्रदान गर्ने :**

(क) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली वडा समितिले स्विकृत गर्नुपर्नेछ ।

(ख) नामावली स्विकृत भएपछि नगरपालिकाबाट उपलब्ध हुने परिचय पत्र भरि वडा सचिबले प्रमाणित गरि भत्ता उपलब्ध हुनु भन्दा अगावै उपलब्ध गराउनु पर्नेछ ।

**१२. लगत कट्टा गर्ने :** देहायको अवस्थामा लाभग्राहीको नाम मूल अभिलेखबाट कट्टा गरिनेछ । वडा कार्यालयबाट कट्टा भएको लगतको विवरण नगरपालिकामा जानकारी दिनुपर्नेछ ।

(क) मृत्यु भएमा ।

(ख) बसाई सरि गएमा ।

(ग) एकल महिलाले विवाह गरेमा ।

(घ) नविकरण नगरेमा ।

(ङ) एक आर्थिक बर्षको कुनै पनि किस्ता नबुझ्मेमा ।

(च) बेपता भएको व्यक्ति (पति) सम्पर्कमा आएमा ।

(च) अयोग्य व्यक्तिले भत्ता प्राप्त गरिरहेको प्रमाणित भएमा ।

## परिच्छेद ४
## भत्ता रकमको निकासा र वितरण तथा लेखापरिक्षण

**१३.** ६० बर्ष भन्दा कम उमेरका एकल महिला लाभग्राहीहरुले मासिक रु.२०००।- का दरले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेछन ।

**१४.** नेपाल सरकारबाट उपलब्ध हुने सामाजिक सुरक्षा भत्ता वितरण हुने समयमा एकै पटक यो भत्ता उपलब्ध गराउनु पर्नेछ ।

**१५.** सामाजिक सुरक्षा भत्ताको लेखापरिक्षण प्रचलित लेखापरिक्षण ऐन तथा आर्थिक ऐन नियम बमोजिम हुनेछ ।

## परिच्छेद ५
## बसाई सराई गर्नेको भत्ता बितरण

**१६.** कुनै लाभग्राही अन्य स्थानीय तहबाट बसाइ सरी आएको अवस्थामा देहाय बमोजिम भत्ता उपलब्ध गराईनेछ ।

(क) निज संगै बसेको परिवार सहित बसाई सरि आएको अवस्था रहेमा ।

(ख) बसाई सराईको अवस्था यथार्थ र भत्ता पाउन योग्य हो वा होईन वडा समितिले सिफारिस गर्नुपर्ने ।

## परिच्छेद ६
## अनुगमन, मूल्यांकन र प्रतिबेदन

**१७.** सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा नगरपालिकाले नियमित रुपमा अनुगमन गर्नेछ ।

**१८.** अनुगमन तथा सुपरिबेक्षण समिति :

(क) नगरपालिकामा नेपाल सरकारबाट उपलब्ध हुने सामाजिक सुरक्षा भत्ता व्यवस्थापनको लागि गठन भएको समितिले नै अनुगमन तथा सुपरिबेक्षण समितिको कार्य गर्नेछ ।

(ख) अनुगमन तथा सुपरिबेक्षण समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) नाम दर्ता तथा नविकरण तोकिए बमोजिम भए नभएको एकिन गर्ने ।

(२) लाभग्राहीसंग भेटघाट गरि गुनासो तथा सुझाब संकलन गर्ने ।

(३) कार्यक्रम सम्बन्धमा अनियमितता भएको पाईएमा दोषी पहिचान गरि कारवाहीका लागि सिफारिस गर्ने ।

(३) वडा कार्यालय बाट प्राप्त सार्बजनिक सुनुवाईको प्रतिबेदन अध्ययन गर्ने र प्राप्त सुझाब कार्यान्वयन तथा गुनासो सम्बोधन भए नभएको समिक्षा गर्ने ।

(४) आबश्यकता अनुसार प्रमुख समक्ष प्रतिबेदन गर्ने ।

## परिच्छेद ७
## पारदर्शिता तथा जवाफदेहिता

**१९. पारदर्शिता कायम गर्नुपर्ने**

(क) नगरपालिकाले आगामी आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरुको विवरण वडा समितिहरुको सिफारिसको आधारमा नगर सभामा पेश गर्नुपर्नेछ ।

**२०.** नगरपालिकाले देहायको बिवरण वार्षिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

(क) नयाँ नाम दर्ता

(ख) त्रैमासिक भत्ता वितरण

(ग) लगत कट्टा/थपको विवरण

## परिच्छेद १०
## विविध

**२१.** नेपाल सरकारबाट जारी सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०८२ बमोजिम सामाजिक सुरक्षा भत्ताको व्यवस्थापन वडा कार्यालयबाट नै गर्नु पर्ने हुँदा सो सम्बन्धी आवश्यक सम्पूर्ण रेकर्ड (कम्प्युटर रेकर्ड समेत) वडाले नै अद्यावधिक गरि राख्नु पर्छ ।

**२२.** निबेदन प्राप्त भएपछि वडा समितिको बैठक बसी सो सम्बन्धमा छलफल गरि प्राप्त लाभग्राहीहरुलाई भत्ता उपलब्ध गराउन आवश्यक निर्णय गरि नगरपालिकामा माग गर्ने व्यवस्था मिलाउनु पर्छ ।

**२३.** अनुसूची १ बमोजिमको ढाँचामा उपलब्ध निबेदन निबेदक स्वयंलाई भर्न लगाई वडा कार्यालयमा दर्ता गर्ने व्यवस्था मिलाउनु पर्छ ।

२४. नगरपालिकामा विवरण पेश गर्दा देहाय बमोजिमको विवरण सहित पेश गर्नु पर्छ ।

क) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नागरिकताको प्रतिलिपी १ प्रति तथा सम्बन्ध बिच्छेद भएका महिलाको हकमा सम्बन्ध बिच्छेदको दर्ता प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।

ख) सो सम्बन्धमा वडा समिति बैठकबाट भएको निर्णयको प्रतिलिपी १ प्रति ।

ग) सामाजिक सुरक्षा भत्ता वितरण अभिलेखको लागी भएको कम्प्युटर इन्ट्री को Excell Sheet ।

**२५. बाधा अडकाउ फुकाउने :**

यो कार्यविधिमा बाधा अडकाउ फुकाउने अधिकार पनौती नगर कार्यपालिकामा निहित रहनेछ ।

**२६. खारेजी र बचाउ**

कार्यबिधी कार्यान्वयनका सम्बन्धमा दुबिधा भएका बिषयहरुमा नेपाल सरकारबाट जारी सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०८२ लाई आधार मानी व्यवस्थापन गरिनेछ ।

अनुसूची १

## एकल महिला नाम दर्ताका लागि दिने दरखास्तको ढाँचा

मिति : ..........................

श्री वडा अध्यक्षज्यू,
पनौती नगरपालिका,
वडा नं. .... को कार्यालय ।

**विषय : नाम दर्ता सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा पनौती नगरपालिकाको विशेष सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ बमोजिमको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि नाम दर्ता गरिपाऊ भनि देहायका विवरण सहित यो दरखास्त पेश गरेको छु। मैले राज्यकोषबाट मासिक पारिश्रमिक, पेन्सन वा यस्तै प्रकारका कुनै अन्य सुविधा पाएको छैन । व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

लाभग्राहीको किसिम: -
- ☐ अविवाहित एकल महिला
- ☐ पतिसंग सम्बन्ध बिच्छेद भएका एकल महिला
- ☐ पति बेपत्ता महिला

**निवेदकको विवरण**

लाभग्राहीको नाम थर :-
बाबुको नाम :- आमाको नाम:-
ठेगाना :- जन्ममिति :-
ना.प्र.नं. :- रा.प.नं. :- जारी जिल्ला :-
सम्पर्क मोबाइल नं. :- दस्तखत :-

**सहिछाप :**

| दायाँ | बायाँ |
|---|---|
| | |

**सम्बन्ध बिच्छेद भएका महिलाको हकमा**

सम्बन्ध बिच्छेद भएको मिति :-
सम्बन्ध बिच्छेदको फैसला गर्ने अदालतको नाम :-

**पति बेपत्ता भएका महिलाको हकमा**

पति बेपत्ता भएको मिति :-
बेपत्ता भएको प्रमाणीकरण गर्ने निकाय :-

कार्यालय प्रयोजनको लागि
निवेदकको व्यहोरा ठिक छ भनी प्रमाणित गर्ने
वडा अध्यक्षको दस्तखत :- .........................

## एकल महिला नाम नविकरणका लागि दिने दरखास्तको ढाँचा

मितिः ……………………..

श्री वडा अध्यक्षज्यू,
पनौती नगरपालिका,
वडा नं. …. को कार्यालय ।

**विषय : नाम नविकरण सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा पनौती नगरपालिकाको विशेष सामाजिक सुरक्षा कार्यक्रममा रहेको नाम नविकरण गरि पाऊ भनि देहायका विवरण सहित यो दरखास्त पेश गरेको छु । मैले राज्यकोष बाट मासिक पारिश्रमिक, पेन्सन वा यस्तै प्रकारका कुनै अन्य सुविधा पाएको छैन । व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

लाभग्राहीको किसिमः -
- ☐ अविवाहित एकल महिला
- ☐ पतिसंग सम्बन्ध बिच्छेद भएका एकल महिला
- ☐ पति बेपत्ता महिला

**निवेदकको बिवरण**

लाभग्राहीको नाम थर :-
बाबुको नाम :- आमाको नामः-
ठेगाना :- जन्ममिति :-
ना.प्र.नं. :- रा.प.नं. :- जारी जिल्ला :-
सम्पर्क मोबाइल नं. :- दस्तखत :-

सहिछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**आज्ञाले**

**प्रमाणीकरण मिति : २०८२/०९/१३**

**दामोदर शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

*सर्वाधिकार : पनौती नगरपालिका* *मुद्रित : ३०० प्रति* *मुद्रण : न्यू पनौती प्रिन्टिङ प्रेस*